मिति २०७७/१०/२८ वैठक संख्याः ६२

आज मिति २०७७/१०/२८ गतेका दिन ०७:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका

बैठक संख्या ६२ मितिः २०७७/१०/२८

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु:**

१. समिक्षा तथा जानकारी .................
   क) आवधिक योजना निर्माण सम्बन्धमा ।
   ख) गायत्री नेपालको कार्यक्रम सम्बन्धमा ।
   ग) गाउँपालिकाको सभाहल (सिटी हल) उद्‌घाटनको तयारी सम्बन्धमा ।
२. भूमि समस्या समाधान तथा व्यवस्थापन कार्यक्रमका लागि गणक व्यवस्थापन अनुमोदन तथा गणक थप गर्ने सम्बन्धमा ।
३. आर्थिक सहयोग सम्बन्धमा ।
   क) देवघाट ४ बस्ने कृष्ण बहादुर वाचे मगरको छोरी करिष्मा वाचे मगर (श्वास प्रश्वास समस्या)
   ख) देवघाट १ बस्ने कुल बहादुर गुरुङको छोरा सिर्जल गुरुङ (मेरुदण्ड भाँचिई गम्भिर अशक्त भई हात खुट्टा नचल्ने)
   ग) देवघाट ५ तनहुँ बस्ने मन माया प्रजा (अविरल वर्षाको कारणले माछाको भुरा र बालीनाली बगाई क्षति)
   घ) रेडियो देवघाटको वार्षिकोत्सव कार्यक्रममा आर्थिक सहायता माग
४. ४ नं. वडा कार्यालयको लागि विद्‌युत पोल व्यवस्थापन तथा ढुवानी रकम सम्बन्धमा ।

**निर्णयहरु:**

१. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. भूमि समस्या समाधान तथा व्यवस्थापन कार्यक्रमका लागि गणक व्यवस्थापनका लागि वडा तहमा वडा नं. १ देखि ४ सम्मका लागि २/२ जना र वडा नं. ५ का लागि ३ जना गणक छनौटको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो तथा वडा नं. ५ मा भूमि समस्या समाधान तथा व्यवस्थापन कार्यक्रमका लागि अत्याधिक चाप रहेको कारण थप ४ जना गणक थप गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रमका लागि तोकिएको म्यादभित्र तथ्यांक संकलन गर्ने कार्य नसकिने हुँदा अतिरिक्त समय कार्य गरे बापतको खाजा बापत प्रति व्यक्ति दैनिक रु. १५०/- थप दिने निर्णय गरियो ।
३. आर्थिक सहयोगका लागि कार्यालयमा माग निवेदन दिएका तपशिल बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिम आर्थिक सहयोग दिने निर्णय गरियो ।
   क) देवघाट ४ बस्ने कृष्ण बहादुर थापा (वाचे) मगरको छोरी करिष्मा वाचे मगरका लागि रु. १०,०००/- (अक्षेरुपी दश हजार रुपैया मात्र)
   ख) देवघाट १ बस्ने कुल बहादुर गुरुङको छोरा सिर्जल गुरुङका लागि रु. ५०,०००/- (अक्षेरुपी पचास हजार रुपैया मात्र)
   ग) देवघाट ५ तनहुँ बस्ने मन माया प्रजाको लागि रु. १०,०००/- (अक्षेरुपी दश हजार रुपैया मात्र)
   घ) रेडियो देवघाटको वार्षिकोत्सव कार्यक्रमका लागि रु. २०,०००/- (अक्षेरुपी बिस हजार रुपैया मात्र)
४. ४ नं. वडा कार्यालयसम्म केन्द्रिय विद्‌युतिय लाईन विस्तार गर्न विद्‌युत पोल व्यस्थापन तथा ढुवानीका लागि रकम रु. ३०,०००/- (अक्षेरुपी तिस हजार रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष